खजुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खजुरा, बाँके लुम्बिनी प्रदेश नेपाल

# सेवा करारमा पद पूर्तिगर्ने सम्बन्धि सूचना

**पहिलो पटक प्रकाशित मिति: २०७९/०४/०१**

नेपाल सरकार र स्विस सरकार बीचको द्विपक्षिय सम्झौतामा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानिय सरकारको नेतृत्वमा सञ्चालित सुरक्षित आप्रवासन (सामि) कार्यक्रमको लागि मनोसामाजिक परामर्शकर्ता (महिला) १, वित्तीय साक्षरता सहजकर्ता (महिला) १, रिटर्नी स्वयंसेवक (आंशिक) ३ पद खुला प्रतिस्पर्धाको माध्यम बाट सेवा करारको माध्यम बाट पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरीकले पदपूर्तिको सुचना प्रकाशन गरेको ७ दिन भित्र माग बमोजिमका विवरण र राजश्व बुझाएको रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्न यो सुचना प्रकाशन गरीएको छ।

**तपसिल :-**

| क्र.स. | विज्ञापन नं. | पद | विज्ञापनको किसिम | माग पद संख्या |
|---|---|---|---|---|
| १ | ०२/०७९/०८० | मनोसामाजिक परामर्शकर्ता | महिला (सेवा करार) | १(एक) |
| २ | ०३/०७९/०८० | वित्तीय साक्षरता सहजकर्ता | महिला (सेवा करार) | १(एक) |
| ३ | ०४/०७९/०८० | रिटर्नी स्वयंसेवक (आंशिक) | खुला (सेवा करार) | ३(तिन) |

१. परीक्षको किसिम: प्रयोगात्मक र अन्तरवार्ता
२. उमेर : पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको नेपाली नागरिक।
३. दरखास्त बुझाउने स्थान : खजुरा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, बाँके।
४. दरखास्त दिने अन्तिम मिति : २०७९/०४/०७ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिनेछ।
५. दरखास्त फाराम पाइने स्थान : खजुरा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय र khajura को website
६. आवेदनको साथमा पेश गर्नु पर्ने कागजातहरु : आफैले प्रमाणित गरि तपसिल अनुसार।
   क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि।
   ख) लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्रको प्रतिलिपि।
   ग) अनुभव खुल्ने कागजात( अनुभव भएमा)।
   घ) २ प्रति पासपोर्ट साइजको फोटो।
   ङ) कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नंम्बर।
७. तलव तथा अन्य सुविधा : कार्यक्रमको नियमानुसार।
८. आवश्यक न्युनतम शैक्षिक योग्यता :

मनोसामाजिक परामर्शकर्ता :

- सामी कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्श सम्बन्धी ६ महिना तालीम प्राप्त मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा :

बम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

- कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उतिर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम लिई सुरक्षित वैदशिक रोजगारीको क्षेत्रमा काम गरेको।

- नयाँ मनोसामाजिक परामर्शकर्ता भर्ना सम्बन्धी व्यवस्था :
  नयाँ मनोसामाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेका तालीम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ। जुन निम्नानुसार छ :
  - मान्यताप्राप्त शैक्षिक संस्थावाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, वि.एड. स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इनकाउन्सेलिङ उत्तिर्ण गरेको।
  - मनोसामाजिक परामर्श सम्बन्धि तालिम प्राप्त गरी सोही क्षेत्रमा अनुभव भएकोलाई विशेष प्राथमिकता दिईनेछ।

वित्तीय साक्षरता सहजकर्ता

- न्यूनतमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उतिर्ण, प्रौढ शिक्षा वा वयस्क साक्षरता वा अध्यापनमा २ बर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ।

रिटर्नी स्वयंसेवक (आंशिक)

- न्यूनतम् कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक मलेसिया) मा र्‍य कम्तिमा १ वर्ष काम गरेको अनुभव भएको।
- सूरक्षित वैदेशिक रोजगारीको षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ।

९. दरखास्त दस्तुरः

मनोसामाजिक परामर्शकर्ता र वित्तीय साक्षरता सहजकर्ता रु ५००/- (पाँच सय) मात्र।

रिटर्नी स्वयंसेवक (आंशिक) रु ३००/- (तिन सय)मात्र

१०. परीक्षा मिति : पछि तोकिनेछ।

११. काम गर्नु पर्ने स्थान : खजुरा गाउँपालिका अन्तर्गतका वडाहरुमा।

१२. कार्य अवधि : हाललाई २०८० असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्नेछ।

**http://www.khajuramun.gov.np/** मा भएको दरखास्त फारम **print** गरी आवश्यक विवरण भरी यस गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ।

बम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner